कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड

## Mirmire Microfinance Development Bank Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त संस्था)

बनेपा ४, काभ्रेपलान्चोक
फोन नं.: ०११–६६२३११ फ्याक्स नं.०११–६६२३१२
Email:info@mirmirebank.com.np, URL: www.mirmirebank.com.np

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.४,५०,००,०००/–को एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.४,५०,००,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ४,५०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण :

हामीलाई **मिर्मिरे माईक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल आधारहरु **(Below-Average Fundamentals)** जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७४/११/८ गते ।
क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने अवधि : २०७५/११/७ गते सम्म ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७५/०२/०१ गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७५/३/२७ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७५/४/२९ गते (बैंकिङ समय पश्चात्) ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, मिर्मिरे माक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेडको Website: www.mirmirebank.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

**क)** **संगठित संस्थाको नाम :** मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि. **(Mirmire Microfinance Development Bank Ltd.)**

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय बनेपा ४, काभ्रेपलान्चोकमा रहेको छ ।

**ग)** **कारोबार स्थान :**

यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान बनेपा ४, काभ्रेपलान्चोकमा रहेको छ । यसको अलावा यस वित्तीय संस्थाले देहाय बमोजिमको स्थानहरुमा शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्बन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ ।

| सि.नं. | शाखा कार्यालयहरु रहेको स्थान | सि.नं. | शाखा कार्यालयहरु रहेको स्थान |
|---|---|---|---|
| १. | शाखा कार्यालय बनेपा, काभ्रेपलान्चोक जिल्ला | २५. | शाखा कार्यालय बल्कोट, अर्गखाँची जिल्ला |
| २. | शाखा कार्यालय फेनहरा, नवलपरासी जिल्ला | २६. | शाखा कार्यालय रम्दी, चेरनेटा, प्युठान जिल्ला |
| ३. | शाखा कार्यालय भरतपुर, चितवन जिल्ला | २७. | शाखा कार्यालय झुल्नेटा, रुकुम जिल्ला |
| ४. | शाखा कार्यालय कालिकास्थान, रसुवा जिल्ला | २८. | शाखा कार्यालय कल्याणपुर, नुवाकोट जिल्ला |
| ५. | शाखा कार्यालय हात्तिसुँडे, मकवानपुर जिल्ला | २९. | शाखा कार्यालय होलेरी, रोल्पा जिल्ला |
| ६. | शाखा कार्यालय पिप्ले, चितवन जिल्ला | ३०. | शाखा कार्यालय रजहर, नवलपरासी जिल्ला |
| ७. | शाखा कार्यालय जहदा, नवलपरासी जिल्ला | ३१. | शाखा कार्यालय भिङगृ, प्युठान जिल्ला |
| ८. | शाखा कार्यालय हेटौडा, मकवानपुर जिल्ला | ३२. | शाखा कार्यालय ढुङखर्क, काभ्रेपलान्चोक जिल्ला |
| ९. | शाखा कार्यालय चोकदे, नुवाकोट जिल्ला | ३३. | शाखा कार्यालय बेलासपुर, नवलपरासी जिल्ला |
| १०. | शाखा कार्यालय चरिकोट, दोलखा जिल्ला | ३४. | शाखा कार्यालय खोलेसिमल, चितवन जिल्ला |
| ११. | शाखा कार्यालय दुम्कीवास, नवलपरासी जिल्ला | ३५. | शाखा कार्यालय पर्साढाप, चितवन जिल्ला |
| १२. | शाखा कार्यालय पशुपतीडाँडा, धादीङ जिल्ला | ३६. | शाखा कार्यालय बसन्तपुर, चितवन जिल्ला |
| १३. | शाखा कार्यालय देउराली, गुल्मी जिल्ला | ३७. | शाखा कार्यालय शिखरकटेरी, मकवानपुर जिल्ला |
| १४. | शाखा कार्यालय खहरेबजार, पाल्पा जिल्ला | ३८. | शाखा कार्यालय रुकुमकोट, रुकुम जिल्ला |
| १५. | शाखा कार्यालय चौरजहारी, रुकुम जिल्ला | ३९. | शाखा कार्यालय बौनिया, कैलाली जिल्ला |
| १६. | शाखा कार्यालय श्रीनगर, सल्यान जिल्ला | ४०. | शाखा कार्यालय अत्तरीया, कैलाली जिल्ला |
| १७. | शाखा कार्यालय लिवाङ, रोल्पा जिल्ला | ४१. | शाखा कार्यालय पहलमानपुर, कैलाली जिल्ला |
| १८. | शाखा कार्यालय थारमारे, सल्यान जिल्ला | ४२. | शाखा कार्यालय मटेहिया, नरैनापुर, बाँके जिल्ला |
| १९. | शाखा कार्यालय कपुरकोट, सल्यान जिल्ला | ४३. | शाखा कार्यालय शिशै, शुद्धोधन, रुपन्देही जिल्ला |
| २०. | शाखा कार्यालय हसुलिया, कैलारी गा.पा.-०१, कैलाली जिल्ला । | ४४. | शाखा कार्यालय फेटा, फेटा गा.पा.-०३, बारा जिल्ला । |
| २१ | शाखा कार्यालय नारायणपुर, टिकापुर न.पा.-०७, कैलाली जिल्ला । | ४५. | शाखा कार्यालय बडनिहार, पर्सागढी न.पा.-०३, पर्सा जिल्ला । |
| २२. | शाखा कार्यालय कलैया, कलैया न.पा.-०२, बारा जिल्ला । | ४६. | शाखा कार्यालय डोकैला, बहुदमाई न.पा.०४, पर्सा जिल्ला । |
| २३. | शाखा कार्यालय लंगडी, धोविनी गा.पा.-४, पर्सा जिल्ला । | ४७. | शाखा कार्यालय छपिया, सियारी गा.पा.-०४, रुपन्देही जिल्ला । |
| २४. | शाखा कार्यालय सुवर्णपुर, ठोरी गा.पा.-०५, पर्सा जिल्ला । | ४८ | शाखा कार्यालय पिपरी, कोहलपुर न.पा.-०८, बाँके जिल्ला । |

भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ । यस वित्तीय संस्थाको कार्यक्षेत्र रसुवा, नुवाकोट, धादिङ्ग, दोलखा, गुल्मी, काभ्रेपलान्चोक, मकवानपुर, चितवन, नवलपरासी, पाल्पा, रुकुम, सल्यान, रोल्पा, अर्गखाँची, प्युठान, कैलाली, बाँके, रुपन्देही, पर्सा, बारा, ओखलढुंगा, सोलुखुम्बु, सुर्खेत, सिन्धुली र खोटाङ्ग गरी पच्चिस जिल्ला रहेको छ ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि., कम्पनी ऐन, २०६३ बमोजिम २०६६ साल पौष २ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६७ आश्विन ७ गतेका दिन नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी यस लघुवित्त वित्तीय संस्थाले मिति २०६७ साल आश्विन ७ गते देखि आफ्नो लघुवित्त सम्बन्धी कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, पर्यटन, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्बन्धी कारोबार गर्ने यस लघुवित्त विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

१) माईक्रोफाइनान्स डेभलपमेन्ट बैंकको निक्षेपकर्ता तथा वित्तीय श्रोत प्रदान गर्ने संस्थाहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धी सेवा उपलब्ध गराउने,

२) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक लघुवित्त सम्बन्धी साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक ब्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधान, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

४) लघुवित्त सम्बन्धी सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सवल तथा सुढृत बनाउन सहयोग पुर्‍याउने ,

५) देशको समग्र वित्तीय प्रणली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

**ङ) शेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.२०,००,००,०००/– (अक्षरेपी वींस करोड ) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा २०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) **जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.९,००,००,०००/– (अक्षरेपी नौ करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ९,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी :** यस वित्तीय संस्थाका चुक्ता पूँजी रु.४,५०,००,०००/–(अक्षरेपी चार करोड पचास लाख) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ४,५०,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.९,००,००,०००/–(अक्षरेपी नौ करोड) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नु पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम(रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,१५,००० | ७०% | ३,१५,००,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित) | १,३५,००० | ३०% | १,३५,००,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **४,५०,०००** | **१००%** | **४,५०,००,०००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ६,३०,००० | ७०% | ६,३०,००,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित) | २,७०,००० | ३०% | २,७०,००,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **९,००,०००** | **१००%** | **९,००,००,०००/–** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | श्री गृहिणी डिपार्टमेन्ट स्टोर | काठमाण्डौ ४, काठमाण्डौ । | ३९०३० | ३९,०३,०००/- | शत् प्रतिशत |
| २ | श्री उषा शर्मा | काठमाण्डौ २६, काठमाण्डौ । | २८५७५ | २८,५७,५००/- | शत् प्रतिशत |
| ३ | श्री मन बहादुर राई | लतिलपुर ३, ललितपुर । | २३९९३ | २३,९९,३००/- | शत् प्रतिशत |
| ४ | श्री सृजना श्रेष्ठ | थानकोट ६, काठमाण्डौ । | २२५०० | २२,५०,०००/- | शत् प्रतिशत |
| ५ | श्री संगित कुमार श्रेष्ठ | थानकोट ६, काठमाण्डौ । | २२५०० | २२,५०,०००/- | शत् प्रतिशत |
| ६ | श्री लिलाराज पौडेयाल | काठमाण्डौ ४, काठमाण्डौ । | २२५०० | २२,५०,०००/- | शत् प्रतिशत |
| ७ | श्री दुर्गा प्रसाद घिमिरे | कुसादेबी ६, अछाम । | २१०१८ | २१,०१,५००/- | शत् प्रतिशत |
| ८ | श्री राम प्रसाद भण्डारी | जुहाङ ७, गुल्मी । | १५७५० | १५,७५,०००/- | शत् प्रतिशत |
| ९ | श्री कृष्ण प्रसाद श्रेष्ठ | पोखरा ६, कास्की । | १५७५० | १५,७५,०००/- | शत् प्रतिशत |
| १० | श्री राजु कुमार सिवाकोटी | भरतपुर १२, चितवन । | १३८९० | १३,८९,०००/- | शत् प्रतिशत |
| ११ | श्री टेक बहादुर बोहरा | पयल ६, अछाम । | ११२५० | ११,२५,०००/- | शत् प्रतिशत |
| १२ | श्री प्रकाश कोईरला | कपन ३, काठमाण्डौ । | ११२५० | ११,२५,०००/- | शत् प्रतिशत |
| १३ | श्री सन्तोष फुयाँल | दिक्तेल २, खोटाङ । | ११२५० | ११,२५,०००/- | शत् प्रतिशत |
| १४ | श्री राकेश कुमार मास्के | काठमाण्डौ- २५, काठमाण्डौ । | १०२५० | १०,२५,०००/- | शत् प्रतिशत |
| १५ | श्री ब्रतराज न्यौपाने | ब्याँस ११, तनहुँ । | ९२५० | ९,२५,०००/- | शत् प्रतिशत |
| १६ | श्री ध्रुबराज मिश्र | गितानगर ४, चितवन । | ६७५० | ६,७५,०००/- | शत् प्रतिशत |
| १७ | श्री राम प्रसाद दहाल | स्याब्रुन ९, संखुवासभा । | ६००५ | ६,००,५००/- | शत् प्रतिशत |
| १८ | श्री गोकर्ण राई | मुक्ली ४, सोलुखुम्बु । | ४४७८ | ४,४७,८००/- | शत् प्रतिशत |
| १९ | श्री मोहनकाजी श्रेष्ठ | देउपुर ४, काभ्रे । | ४१३२ | ४,१३,२००/- | शत् प्रतिशत |
| २० | श्री विज्ञान घिमिरे | काठमाण्डौ ३१, काठमाण्डौ । | २,९८५ | २,९८,५००/- | शत् प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री सरोजा सिवाकोटी | भरतपुर १२, चितवन । | २,९८५ | २,९८,५००/- | शत् प्रतिशत |
| २२ | श्री पुरोषोत्तम प्रसाद शर्मा | काठमाण्डौ २६, काठमाण्डौ । | २९२५ | २,९२,५००/- | शत् प्रतिशत |
| २३ | श्री लक्ष्मी भण्डारी | रिडी ६, गुल्मी । | २००० | २,००,०००/- | शत् प्रतिशत |
| २४ | श्री विपना लामिछाने | चन्द्रपुर ४, रौतहट । | १४९२ | १,४९,२००/- | शत् प्रतिशत |
| २५ | श्री ओमराज श्रेष्ठ | थानकोट ८, काठमण्डौ । | १४९२ | १,४९,२००/- | शत् प्रतिशत |
| २६ | श्री सुवर्ण पाण्डे | भैसेपाटी १८, ललितपुर । | १००० | १,००,०००/- | शत् प्रतिशत |
| | **संस्थापक समुहको जम्मा** | | ३,१५,००० | ३,१५,००,०००/– | |
| | **सर्वसाधारण समुहको जम्मा** | | १,३५,००० | १,३५,००,०००/– | |
| | **जम्मा** | | ४,५०,००० | ४,५०,००,०००/– | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.४,५०,००,०००/– को एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.४,५०,००,०००/– बराबरको प्रति शेयर रु.१००/– अंकित दरका ४,५०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ३ अनुसार जारी तथा चुक्ता पूँजी वृद्धी गरी रु. ९,००,००,०००/– (अक्षरेपी नौ करोड) पुर्‍याउने र सोका लागि यस बैंकको हाल प्रक्रियामा रहेको हकप्रद शेयर सम्बन्धि सबै प्रक्रिया पूरा भए पश्चात कायम हुन आउने रु. ४,५०,००,०००/– (अक्षरेपी चार कारोड पचास लाख) मा १ : १ (एक बराबर एक) को दरले जारी गर्ने प्रस्ताव पारित गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७४/५/२६ गते सम्पन्न बिशेष साधारण सभा ।**

**ञ) संचालकहरुको परिचय :**

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम, ठेगाना | पद | योग्यता | व्यवसायिक अनुभव | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|---|
| १. | श्री टेक बहादुर बोहरा, अछाम, पायल वडा नं.६ | अध्यक्ष | स्नात्तक | • यस वित्तीय संस्थामा अध्यक्ष पदमा रही ६ बर्षको कार्य अनुभव। <br>• प्रबन्ध निर्देशकको पदमा रही स्वरुप ट्राभल एण्ड टुर्समा ५ बर्षको कार्य अनुभव । <br>• प्रोपाइटर– रामा रोशन ईंटा उद्योग | संस्थापक समूह |
| २. | श्री लिलाराज पौड्याल, काठमाण्डौ, भाटभटेनी वडा नं.४ | संचालक | स्नात्तकोत्तर | • यस वित्तीय संस्थामा संचालकको पदमा रही ६ बर्षको कार्य अनुभव। <br>• प्रबन्ध निर्देशकको पदमा रही ज्याकस एजुकेशनल फउण्डेसन प्रा.लि.मा विगत ११ बर्ष देखि आबद्ध । | संस्थापक समूह |
| ३. | श्री कमान सिंह बोहरा, नेपालगंज-१६, बाँके । | संचालक | स्नात्तकोत्तर | • यस वित्तीय संस्थामा संचालक पदमा रही २ वर्ष कार्य अनुभव । <br>• महेन्द्र मल्टीपल क्याम्पसमा प्रोफेसर | व्यवसायिक विशेषज्ञ |
| ४. | श्री सन्तोष फुयाल, दिक्तेल -२, खोटाङ । | संचालक | स्नात्तकोत्तर | • यस वित्तीय संस्थामा संचालक पदमा रही २ वर्ष कार्य अनुभव । <br>• युग सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ प्रबन्धकमा कार्य अनुभव । | संस्थापक समूह |
| ५. | श्री चक्र बहादुर बोहरा, बागेश्वरी-७, अछाम । | संचालक | एस.एल.सी. | • यस वित्तीय संस्थामा संचालक पदमा रही २ वर्ष कार्य अनुभव । <br>• राष्ट्रिय बाणिज्य बैंकमा कार्य | सर्वसाधारण समूह |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुभव । | |
| ६. | श्री अनुज नेपाल,<br>पाँचखाल-६, काभ्रे । | संचालक | सि.ए. | • यस वित्तीय संस्थामा संचालक पदमा रही २ वर्ष कार्य अनुभव ।<br>• अनुज एण्ड एसोसियट्स लेखापरिक्षक | सर्वसाधारण समूह |

**नोटः** एक जना संचालकज्यू ले राजिनामा दिनुभएकोले उक्त रिक्त संचालक पदमा नियुक्त हुन बाँकी रहेको ।

**प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :**

नाम : श्री लक्ष्मीश्वर देवकोटा

ठेगाना : पालुङटार न.पा.-११ (आँपपिपल.-०२), गोरखा

शैक्षिक योग्यता : स्नात्तक तह

**अनुभव** : राष्ट्रिय बाणिज्य बैंकमा फिल्ड सहायक, बरिष्ठ फिल्ड सहायक, सहायक प्रबन्धक, डिपुटी प्रबन्धक र प्रबन्धक पदमा रही लघुकर्जा सम्बन्धी तथा अन्य बैकिङ कार्य क्षेत्रमा मिति २०४४ साल देखि २०७३ साल सम्ममा रही ३० वर्ष कार्य गरेको अनुभव । मिति २०७४/०७/२६ गते देखि यस वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत ।

**ट) संचालक समितिको बनौट :**

यस वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| “क” समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ४ जना |
| “ख” समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

### वासलात

(रु. हजारमा)

| पूँजी तथा दायित्व | वास्तविक | | | *आ.ब. ०७४/०७५ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १.शेयर पूँजी | २०,००० | ३०,००० | ५५,०७१ | ४५,००० | ११०,०७१ | ११०,०७१ | ११०,०७१ |
| २.जगेडा तथा कोषहरु | ६,५१४ | ७५१३ | १२,५२४ | ५०,०७५ | ५७,२४९ | ६५,२१७ | ९०,८०२ |
| ३.ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| ४.तिर्न बाँकी कर्जा सापट | १९१,४३५ | ३३३,३१७ | ७५८,३५२ | ८९४,३१३ | ९१६,०२३ | १,०९८,३२७ | १,३१७,०४८ |
| ५.निक्षेप दायित्व | ३२,८१२ | ८५,७०० | २०३,३११ | ३४१,५३५ | २९४,८०१ | ४२२,३८६ | ४२७,४६२ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - | - | - | - | - |
| ७.प्रस्तावित तथा भुक्तानी | - | - | - | - | - | ५०,००० | ५०,००० |
| ८.आयकर दायित्व | ३,१३४ | ४,८९० | ८,१५७ | - | १९,१६८ | २४,८४४ | ३२,३९४ |
| ९.अन्य दायित्व | ३,६४८ | १०,६७६ | २५,२६२ | १००,९५५ | ३०,३१४ | ४२,४४० | ५९,४१६ |
| **कुल दायित्व** | **२५७,५४३** | **४७२,०९६** | **१,०६२,६७७** | **१,४३१,८७८** | **१,४२७,६२६** | **१,८१३,२८५** | **२,०८७,१९३** |

| सम्पत्ति | वास्तविक | | | *आ.ब. ०७४/०७५ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. नगद मौज्दात | २७२ | ३७० | ७४४ | १,१७० | ५,०३३ | ६,५०४ | ६,८२२ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - | - | ७,२६५ | १०,६४५ | १२,२१२ |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २१,९१२ | ५०,९४६ | २०९,०९४ | १३३,९२८ | १०३,११२ | २१०,५६६ | १८५,७०९ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५. लगानी | - | - | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ६. कर्जा सापट तथा बिल खरिद | २२६,०१५ | ४०१,७५७ | ८११,६६३ | १,२४०,३५६ | १,२८१,३९९ | १,५३७,२६६ | १,८४४,२८६ |
| ७. स्थिर सम्पत्ति | ४,८५५ | ७,११७ | ११,३०३ | २०,४८८ | १३,५६३ | २२,२३८ | १६,२७६ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ति | ४,४८९ | ११,९०६ | २८,८७३ | ३४,९३६ | १६,२५४ | २५,०६६ | २०,८८८ |
| **कुल सम्पत्ति** | **२५७,५४३** | **४७२,०९६** | **१,०६२,६७७** | **१,४३१,८७८** | **१,४२७,६२६** | **१,८१३,२८५** | **२,०८७,१९३** |

**नोट : *आ.ब.०७४/०७५ चैत्र मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

### नाफा नोक्सान हिसाव

(रु.हजारमा)

| विवरण | वास्तविक | | | *आ.ब. ०७४/०७५ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. ब्याज आम्दानी | ३२,२७८ | ५६,५०६ | १२१,८३४ | १४३,९४१ | १९०,५८५ | २५६,५५१ | ३०८,०७२ |
| २. ब्याज खर्च | १०,४७३ | १७,६४५ | ५०,५९७ | ८४,६६८ | ६६,७७५ | १०४,२२५ | १२४,५७० |
| **खुद ब्याज आम्दानी** | **२१,८०५** | **३८,८६१** | **७१,२३७** | **५९,२७३** | **१२३,८१०** | **१५२,३२६** | **१८३,५०२** |
| ३. कमिशन तथा डिस्काउण्ट | | | | | | | |
| ४. अन्य संचालन आम्दानी | ७,६०५ | १०,३१५ | १५,००६ | ३३,०१४ | १८,००७ | २१,६०८ | २५,९३० |
| ५. सटही घटबढ आम्दानी | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कुल संचालन आम्दानी** | **२९,४१०** | **४९,१७६** | **८६,२४३** | **९२,२८७** | **१४१,८१७** | **१७३,९३४** | **२०९,४३२** |
| ६. कर्मचारी खर्च | ८,६२० | १७,३६८ | ३३,२३३ | ३६,९८७ | ३९,८८० | ५१,८४४ | ५७,०२८ |
| ७. अन्य संचालन खर्च | ७,८६७ | ९,९८० | १७,६६३ | १५,६०३ | २६,०३६ | २८,०७७ | ३०,१७४ |
| ८. सटही घटबढ नोक्सान | - | | - | - | - | - | - |
| **सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा** | **१२,९२३** | **२१,८२८** | **३५,३४७** | **३९,६९७** | **७५,९०१** | **९४,०१३** | **१२२,२३०** |
| ९. सम्भावित नोक्सानी | ३,३८४ | ५,२४६ | १०,४१० | १२,९८० | १६,९४८ | १०,८१९ | ३१,७७५ |
| **संचालन मुनाफा/** | **९,५३९** | **१६,५८२** | **२४,९३७** | **२६,७१७** | **५८,९५३** | **८३,१९४** | **९०,४५५** |
| १०.गैर संचालन आम्दानी | ४७ | | ४०० | | | | |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३,०५४ | १,६९२ | ४,५३१ | ६,६२० | ११,३२९ | ७,८९९ | २८,३२२ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१२,६४०** | **१८,२७४** | **२९,८६८** | **३३,३३७** | **७०,२८२** | **९१,०९३** | **११८,७७७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - | - | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१२,६४०** | **१८,२७४** | **२९,८६८** | **३३,३३७** | **७०,२८२** | **९१,०९३** | **११८,७७७** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,१४९ | १,६६१ | २,७१५ | ३,०३१ | ६,३८९ | ८,२८१ | १०,७९८ |
| १४.आयकर ब्यबस्था | ३,१३३ | ५,०८९ | ८,२८१ | ९,०९२ | १९,१६८ | २४,८४४ | ३२,३९४ |
| यस बर्षको | ३,१३४ | ४,८९० | ८,१५७ | ९,०९२ | १९,१६८ | २४,८४४ | ३२,३९४ |
| गत बर्षको | | | | | | | |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | १ | १९९ | १२४ | | | | |
| **खुद मुनाफा/(नोक्सान)** | **८,३५८** | **११,५२४** | **१८,८७२** | **२१,२१४** | **४४,७२५** | **५७,९६८** | **७५,५८५** |
| शेयर संख्या (हजारमा) | २०० | २०० | ३०० | ४५० | १,१०१ | १,१०१ | १,१०१ |
| प्रति शेयर आम्दानी (रु.) | ४२ | ५८ | ६३ | ४७ | ४१ | ५३ | ६९ |

**नोट : *आ.ब.०७४/०७५ चैत्र मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।**

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| **विवरण** | **आ.ब.०७४/०७५** | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ४५.००% | ४३.२८% | १.२०% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ५७.८७% | १९.९७% | १९.९७% |
| ३. कुल आयमा औषत बृद्धिदर (प्रतिशतमा) | ५२.४३% | ३३.३५% | २०.०८% |
| ४. कुल खर्चमा औषत बृद्धिदर (प्रतिशतमा) | ३३.७२% | ३०.२९% | २४.९२% |
| ५. संचालन खर्च तथा कुल आम्दानी अनुपात (प्रतिशतमा) | ३१.६०% | २८.७३% | २६.११% |
| ६. खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा) | १३६.९९% | २९.६१% | ३०.३९% |
| ७. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ८. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.७३% | ०.६४% | ०.५६% |
| ९. लगानीमा प्रतिफल (प्रतिशतमा) | - | - | - |
| १०.कर्मचारी खर्चमा बृद्दिदर (प्रतिशतमा) | २०.००% | ३०.००% | १०.००% |
| ११. % of Provision on Total Gross Loan | १.५१ | १.४५ | १.३९ |
| १२. CRR | ०.६०% | ०.७०% | ०.७०% |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :**

१. **कर्जा तथा सापट :**

संस्थाको आ.ब.२०७०/०७१ को आषाढ मासन्तबाट आ.ब.२०७१/०७२ को आषाढ मसान्त सम्ममा असल कर्जामा करिब १२३.१३ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७२/७३ को आषाढ मसान्त सम्ममा करिब ७७.७६ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.०७३/०७४ को आषाढ मसान्त सम्ममा करिव १०२.०२ प्रतिशतको बृद्धि भएको छ । आगामी वर्षमा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा क्रमशः ५७.८७, १९.९७ र १९.९७ प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः १८ ,१८ र १८ प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पुंजीको अनुपात(CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । जस अनुरुप आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ९२.९८, ९०.६४ र ९४.८० प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि कुल कर्जा तथा सापटको क्रमशः १.३०, ०.६९ र १.७० प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

२. **निक्षेपः**

संस्थाको आ.ब.२०७०/०७१ को आषाढ मसान्तबाट आ.ब.२०७१/०७२ को आषाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग १२२.४६ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७२/०७३ को आषाढ सम्ममा १६१.१९ प्रतिशतले बृद्धि भएको तर संस्थाको आ.ब. २०७३/०७४ को मसान्त सम्ममा करिव १३७.२३ प्रतिशतको बृद्धि भएको छ । आगामी आर्थिक वर्षमा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ मा क्रमशः ४५, ४३.२८ र १.२० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कुल निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ८, ८ र ८ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. **तरलताः**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः १०.०४, १३.८२ र १२.२८ कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः ०.६, ०.७ र ०.७ कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्ट्याएको छ ।

५. आउँदो वर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।

६. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

७. पुंजी पर्याप्तता(Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पुंजीकोषको अनुपात आ.ब. २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः १३.४०, ११.५७ र ११.२६ प्रतिशत र प्राथमिक पुंजीको अनुपात आ.ब.२०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को लागि क्रमशः १२.११, ९.८८ र ९.२५ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ ।

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ | आ.ब ०७६/०७७ |
| चुक्ता पुंजी | २०,००० | ३०,००० | ५५,०७१ | ११०,०७१ | ११०,०७१ | ११०,०७१ |
| जगेडा तथा कोषहरु | ६,५१४ | ७,५१३ | १२,५२५ | ५७,२४९ | ६५,२१७ | ९०,८०२ |
| **कुल** | २६,५१४ | ३७,५१३ | ६७,५९६ | १६७,३२० | १७५,२८८ | २००,८७३ |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | २६,५१४ | ३७,५१३ | ६७,५९६ | १६७,३२० | १७५,२८८ | २००,८७३ |
| शेयर संख्या (हजारमा) | २०० | २०० | ३०० | १,१०१ | १,१०१ | १,१०१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३२.५७ | १२५.०४ | १५०.२१ | १५२.०१ | १५९.२५ | १८२.४९ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | ३१.५२% | ३०.७२% | २७.९२% | २६.७३% | ३३.०७% | ३७.६३% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ५६.४८% | | |

त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

## २०७४ साल आषाढ मसान्तको वासलात

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ५५,०७१ |
| २. जगेडा तथा कोषहरु | १२,५२४ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ७५८,३५२ |
| ५. निक्षेप दायित्व | २०३,३११ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित नगद लाभांश | - |
| ८. आयकर दायित्व | ८,१५७ |
| ९. अन्य दायित्व | २५,२६२ |
| **कुल पूँजी तथा दायित्व** | **१,०६२,६७७** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ७४४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | २०९,०९४ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट तथा बिल खरीद | ८११,६६३ |
| ७. स्थीर सम्पत्ति | ११,३०३ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | २८,८७३ |
| **कुल सम्पत्ति** | **१,०६२,६७७** |

## २०७३ श्रावण १ गते देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. ब्याज आम्दानी | १२१,८३४ |
| २. ब्याज खर्च | ५०,५९७ |
| **खुद ब्याज आम्दानी** | **७१,२३७** |
| ३. कमिशन तथा डिस्काउण्ट | |
| ४. अन्य संचालन आम्दानी | १५,००६ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **८६,२४३** |
| ६. कर्मचारी खर्च | ३३,२३३ |
| ७. अन्य संचालन खर्च | १७,६६३ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **३५,३४७** |
| ९. सम्भावित नोक्सानी ब्यबस्थाहरु | १०,४१० |
| **सञ्चालन मूनाफा** | **२४,९३७** |
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | ४०० |
| ११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ४,५३१ |
| **नियमित कारोवारबाट भएको मूनाफा** | **२९,८६८** |
| १२. असामान्य कारोबारबाट भएको खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पश्चिको खुद मूनाफा** | **२९,८६८** |
| १३. कर्मचारी बोनस ब्यबस्था | **२,७१५** |
| **१४. आयकर व्यवस्था** | **८,२८१** |
| क. यस बर्षको कर व्यवस्था | ८,१५७ |
| ख. बिगत बर्षसम्मको कर व्यवस्था | |
| ग. यस बर्षको स्थगन कर (आम्दानी)/खर्च | -१२४ |
| **खुद नाफा/नोक्सान** | **१८,८७२** |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान लघुवित्त वित्तीय संस्थाहरु र नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास करिव ७ (सात) वर्षको रहेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, बनेपा ६, काभ्रे ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराममा आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुबैमा) भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर

अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको,

(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

(छ) हक हस्तान्तरणको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ,

(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य व्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) वित्तीय संस्थाको छैठौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि जगदिश खड्का सि.ए के.जे. एण्ड एसोसियट्स चार्टड एकाउन्टेन्ट्स नयूरोड, काठमाण्डौ लाई नियुक्त गरिएको छ ।

ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा एम.वि.एस शैक्षिक योग्यता हासिल गर्नु भएका पेलाकोट-६ (हाल वालिङ न.पा. १३), स्याङजा निवासी अधिकृत श्री तुलसी राम पाठक कार्यरत हुनुहुन्छ ।

ग) यस वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था के.जे एसोसियट्स एण्ड चर्टड एकाउन्टेन्ट्स न्यूरोड, काठमाण्डौंका श्री जगदिश खड्का रहनु भएको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्याउने उद्देश्य अनुरुप मिति २०७४/५/२६ गते सम्पन्न बिशेष साधारण सभाबाट एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

६) यस बाहेक वित्तीय संस्थाले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| सि.नं. | उपयोग | रकम (रु.) |
|---|---|---|
| १. | तरलता | करिब रु.१,००,००,०००/– |
| २. | कर्जा तथा लगानी | करिब रु.३,५०,००,०००/– |
| | **जम्मा** | **करिब रु.४,५०,००,०००/–** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई वित्तीय संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालय लगनखेल, ललितपुर र चिप्लेढुंगा, पोखरा ।
२. मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड, बनेपा ४, काभ्रे तथा वित्तीय संस्थाको सम्पूर्ण शाखा कार्यालयहरु ।
३. नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको शाखा कार्यालयहरु : विराटनगर, बीरगञ्ज, नेपालगन्ज, नारायणगढ, बुटवल र धनगढी ।
४. नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा **(ASBA- Application Supported by Blocked Amount)** सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत आस्वा **(ASBA)** प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन। हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि. को वेवसाइट www.mirmirebank.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि. को वेवसाइट www.mirmirebank.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

निष्काशन बैंक **(Banker to the Issue)** सम्बन्धि व्यवस्था :

यस निष्काशनको लागि देहायको बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमण्डौं । |
| २. | कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौ । |
| ३. | मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं । |

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ । साथै वित्तीय संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा हालसम्म बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाएकोले आ.व. २०७२/२०७३ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट

रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल आधारहरु **(Below-Average Fundamentals)** जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७४/११/८ गते ।
क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने अवधि : २०७५/११/७ गते सम्म ।

श) **पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| **०७१/०७२** | सार्वजनिक निष्काशन भैनसककाले शेयर कारोबार नभएको । | | | |
| **०७२/०७३** | ३२१३ | ३९९ | २९०९ | २.२९ |
| **०७३/०७४** | ३३९५ | १५१२ | २२१० | ६४.०३ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| **२०७४ फाल्गुण** | ३०६० | २४०१ | २५५० | ६.५८ |
| **२०७४ चैत्र** | २६४० | २०६० | २४५० | १२.३४ |
| **२०७५ बैशाष** | ३३४९ | २३६० | ३२१६ | २४.२४ |

**द्रष्टव्य** : यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

ष) **यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री टेक बहादुर बोहरा | अध्यक्ष | |
| २. | श्री लिलाराज पौड्याल | संचालक | |
| ३. | श्री कमान सिंह बोहरा | संचालक | |
| ४. | श्री सन्तोष फुयाल | संचालक | |
| ५. | श्री चक्र बहादुर बोहरा | संचालक | |
| ६. | श्री अनुज नेपाल | संचालक | |

स) **निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **मिर्मिरे माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**